बैठक नं.१०

आज मिति २०८२/१२/२० गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउस ४:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

सुर्य बहादुर कार्की - का.वा. वडाध्यक्ष - ९

लाल बहादुर गुरुङ - का.वा. वडाध्यक्ष - १२

सोमनाथ दगोरिवा - का.वा. वडाध्यक्ष - १६

प्रस्ताव नं. १०.१
मिति २०८२/११/३० मा बसेको नगरकार्यपालिकाको नवौं बैठकबाट पारित भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

निर्णय नं. १०.१

- चालु आ.ब. २०८२।०८३ को प्रारम्भ मिति २०८२।०४।१६ गते देखि २०८२।१०।२९ गते सम्ममा बसेका नगरकार्यपालिकाको वैठकका ८ वटा निर्णयहरुको समीक्षा गरिएको ।

प्रस्ताव नं. १०.२
ज्योतीनगर, मिलनपथ, पाखापानी, लक्ष्मीनगर र शिखर देउराली टोल जस्ता स्थानमा पहिरोको अल्पकालिन तथा दीर्घकालिन व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. १०.२

बुटवल उपमहानगरपालिकाको आ.ब. २०८२।०८३ का लागि नगरसभाबाट पारित क.सं. ३३७ खर्च शीर्षक नं. २२५२९ अन्तर्गत पहिरो जोखिम न्यूनीकरण कार्यक्रमका लागि विनियोजित रु. ५०,००,०००। रकमलाई वडा नं. १, (शिखर देउरालीटोल) वडा नं. २ (पाखापानी), वडा नं. ३ (ज्योतिनगर, मिलनपथ) र वडा नं. ४ (लक्ष्मीनगर) मा सम्बन्धित सामुदायिक वन तथा टोल विकास संस्थाहरुसँग समन्वय गरी अल्पकालिन तथा दीर्घकालिन पहिरो व्यवस्थापन कार्य सञ्चालन गर्न वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८२।१२।०८ गतेको निर्णय बमोजिम स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १०.३
आ.ब. ०८२।०८३ को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

निर्णय नं. १०.३

चालु आ.व.२०८२।०८३ मा वुटवल उपमहानगरपालिकावाट सम्पादन एवं कार्यान्वयन भएका सार्वजनिक सेवा प्रवाहका वारेमा दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२।११।२९ गतेका दिन वुटवल उपमहानगरपालिका वडा नं.७, शिवनगरमा अवस्थित वुटवल-खस्यौली (नन्दनी) गौशाला परिसरमा राखिएको र उक्त कार्यक्रम महिला समानताका लागि संचार अभियानद्धारा संचालित सामुदायिक रेडियो मुक्ति ९५ थोप्लो ५ को संयोजनमा गरिएको हुदा उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको सन्दर्भमा सहजिकरण गरिएको संस्थावाट प्राप्त हुन आएको प्रतिवेदन आजको वैठकमा प्रस्तुत भई जानकारी भयो । प्रतिवेदनले औल्याए वमोजिमका सुझावहरुलाई आगामी दिनहरुमा क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

प्रस्ताव नं. १०.४
राजीनामा स्वीकृत सम्बन्धमा ।

निर्णय नं. १०.४

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको अधिकृतस्तर आठौ (लेखा) तहमा कार्यरत रहनु भएका शंकर ढकालले आफ्नो घरायसी कारण देखाई मिति २०८२।१२।१७ गते देखि लागु हुने गरी कार्यरत पदबाट पेश गर्नु भएको राजीनामा उपरमा स्वयम कार्यालयमा उपस्थित भई सनाखत समेत गर्नु भएको हुँदा स्थानीय निजामती सेवा नियमावली, २०८२ को नियम १३२ को उपनियम (३) को देहाय खण्ड क बमोजिम निजको माग बमोजिम मिति २०८२।१२।१७ गते देखि लागु हुने गरी निजले कार्यरत पदबाट दिएको राजीनामा स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १०.५
शीर्षकान्तर सम्बन्धमा ।

निर्णय नं. १०.५

चालु आ.ब. २०८२।०८३ मा बुटवल उपमहानगरपालिकाका वडा नं. १ देखि १९ सम्मका वडा कार्यालयहरुमा कार्यान्वयनका लागि छनौट भएका वडास्तरीय एवं नगरस्तरीय योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा केही योजना तथा कार्यक्रममा विनियोजित रकम न्यून हुँदा निर्माण कार्य अधुरो रहने अवस्था र कुनै योजना तत्काल निर्माण एवं मर्मत नगर्दा स्थानीय समुदायको दैनिक जीवन यापनमा नै समस्या पर्न जाने देखिएको हुँदा नगर क्षेत्रका सो प्रकृतिका योजनाहरुको लागि माग भई आएका बुटवल उपमहानगरपालिकाको चालु आ.ब. २०८२।०८३ को बजेट, नीति तथा कार्यक्रम विनियोजन ऐन, २०८२ को खर्च शीर्षक नं. ३११५१ को पुँजीगत भैपरी शीर्षकमा विनियोजित रकम रु ४,००,००,०००। बाट खर्च हुने गरी मिति २०८२।१२।१७ मा भएको निर्णयलाई स्वीकृत गर्ने र सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १०.६
नगर शिक्षा समितिबाट भएका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

निर्णय नं. १०.६

मिति २०८२।१२।१९ मा बसेको नगरशिक्षा समितिको वैठकबाट सिफारिस भई आएका देहायका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क) आ.व. २०८२/०८३ को कार्यक्रम शीर्षक नं. १२८१, नगर प्रमुख विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम साथै सि.न. १३६८, शैक्षिक विकास कोष र संघीय सशर्त अनुदानतर्फबाट प्राप्त रकमबाट शीर्षक नं.२४१७, २४१८, र २४१९, निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको

साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदानबाट देहाय बमोजिमका कार्यक्रमका लागि देहाय बमोजिम अनुदान दिने ।

क. आन्तरिक स्रोत : कार्यक्रम शीर्षक नं. १२८१ र १३६८

| क.स. | विद्यालयको नाम | प्रस्तावित कार्यक्रम | लागत रकम | स्रोत |
|---|---|---|---|---|
| १ | लक्ष्मी मा.वि. बुटवल- ०४ | भवनमा रेलिङ, वालविकास व्यवस्थापन तथा खेलमैदानमा टायल लगाउने कार्य | २५००००० | आन्तरिक |
| २ | उजिर सिंह मा.वि. बुटवल- २ | अपुरो भवन निर्माण | २५००००० | आन्तरिक |
| ३ | नयागाउँ मा.वि. बुटवल- १२ | अधुरो भवन सम्पन्न गर्ने | १०००००० | आन्तरिक |
| ४ | अमर मा.वि. बुटवल- १९ | अधुरो भवन निर्माण कार्य सम्पन्न गर्ने तथा खेल मैदानमा इन्टरलक लगाउने कार्य | १२००००० | आन्तरिक |
| ५ | नहरपुर मा.वि. बुटवल- ११ | डेक्स वेन्च मर्मत तथा फोटोकपी खरिद | ४००००० | आन्तरिक |
| ६ | दुर्गा भवानी आ.वि. बुटवल- १५ | अधुरो कम्पाउण्ड वाल र गेट निर्माण | ५००००० | आन्तरिक |
| ७ | मोतीपुर माध्यमिक विद्यालय बुटवल- १७ | फर्निचर निर्माण | ५००००० | आन्तरिक |
| ८ | प्रगति मा.वि. बुटवल- ११ | कक्षाकोठा मर्मत तथा वरण्डामा टायल मार्वल लगाउने कार्य | १०००००० | आन्तरिक |
| ९ | कालिका मानबज्ञान मा.वि. बुटवल- १० | ए.सी. खरिद | १०००००० | आन्तरिक |
| १० | सरस्वती माध्यमिक विद्यालय बुटवल- १२ | साउण्ड सिस्टम सामग्री खरिद | २००००० | आन्तरिक |
| ११ | भवानी मा.वि. बुटवल- १८ | ICT सामग्री खरिद | २००००० | आन्तरिक |
| १२ | सिदेश्वर लाल कुमारी माध्यमिक विद्यालय बुटवल- ०७ | फाइवर डेक्स बेन्च खरिद | ६५०००० | आन्तरिक |
| १३ | साधना महिला विद्यालय बुटवल- ०६ | ICT सामग्री खरिद | २००००० | आन्तरिक |
| १४ | ज्ञानोदय माध्यमिक विद्यालय बुटवल- ०५ | फर्निचर तथा खानेपानी व्यवस्थापन | ७००००० | आन्तरिक |
| १५ | मैनावर आ.वि. बुटवल- ११ | विद्यालय रंगरोगन र ट्रष्ट निर्माण | ८०००,०० | आन्तरिक |

| | | | | |
|---|---|---|---|---|
| १६ | कान्ति मा.वि. बुटवल- ०४ | खेल मैदान सौन्दर्यिकरण तथा भौतिक व्यबस्थापन | ६००००० | आन्तरिक |
| १७ | बेलभरिया आ.वि. बुटवल- १४ | डेक्स वेन्च तथा कार्पेटिङ | ४००००० | आन्तरिक |
| १८ | जितेश्वरी मा.वि. बुटवल- १३ | ४ कोठे भवन निर्माण स्थानीय तहको लागत साझेदारी | ५५००00 | आन्तरिक |
| १९ | सरस्वती आ.वि. बुटवल- ०१ | ५ कोठे भवन निर्माण स्थानीय तहको लागत साझेदारी | ५५०००० | आन्तरिक |
| २० | मायादेवी जनजागृति आ.वि. बुटवल- ११ | कक्षाकोठा निर्माण | १५००००० | आन्तरिक |
| २१ | नरैनापुर आ.वि., बुटवल- १६ | क्यान्टिन निर्माण तथा व्यवस्थापन | ३००००० | आन्तरिक |
| २२ | सूर्योदय आ.वि., बुटवल- ११ | मैदानमा लक टायल लगाउने कार्य | ३००००० | आन्तरिक |
| २३ | जनशक्ती नमूना भिमप्रसाद गोमाता न्यौपाने आ.वि. बुटवल- १७ | सिढि निर्माण, फर्निचर व्यवस्थापन | १५००००० | आन्तरिक |
| | जम्मा | | १८०५०००० | |

ख. संघीय सशर्त स्रोत : कार्यक्रम शीर्षक नं. २४१७, २४१८, र २४१९

| क्र. स. | विद्यालयको नाम | प्रस्तावित कार्यक्रम | लागत रकम | स्रोत |
|---|---|---|---|---|
| १ | जितेश्वरी मा.वि. बुटवल- १३ | ४ कोठे भवन निर्माण | ५५००००० | ससर्त |
| २ | सरस्वती आ.वि. बुटवल- ०१ | ४ कोठे भवन निर्माण | ५५००००० | ससर्त |
| | जम्मा | | ११०००००० | |

ग) संघीय सशर्त अनुदानतर्फबाट प्राप्त विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान रकम यस पालिकामा प्राप्त रकमबाट तपसिल बमोजिमका विद्यालयहरुको विज्ञान प्रयोगशाला व्यबस्थापनका लागि निम्नानुसारको अनुदान रकम उपलब्ध गराउने ।

| क्र. स. | विद्यालयको नाम | प्रस्तावित कार्यक्रम | लागत रकम | स्रोत |
|---|---|---|---|---|
| १ | नवरत्न मा.वि. बुढवल- १५ | विज्ञान प्रयोगशाला | १०००,००० | ससर्त |
| २ | नहरपूर मा.वि. बुटवल- ११ | बिज्ञान प्रयोगशाला | १०००००० | ससर्त |
| ३ | नयागाउँ मा.वि. बुटवल- १२ | विज्ञान प्रयोगशाला | १०००००० | ससर्त |
| | जम्मा | | ३०००००० | |

घ) बुटबल उपमहानगरपालिका अन्तर्गत अनुमति प्राप्त गरी संचालनमा रहेका तपसिलअनुसारका सामुदायिक तथा संस्थागत विद्यालयहरुले आवश्यक पूर्वाधार पुरा गरी शै. स. २०८२ देखि कक्षा थप अनुमति माग गरेकाले तपसिल अनुसारका आधारभूत विद्यालयहरुलाई कक्षा थप अनुमति प्रदान गर्ने तथा माध्यमिक विद्यालयलाई कक्षा थपको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.स | विद्यालयको नाम र ठेगाना | हाल संचालित कक्षा | थप कक्षा माँग गरेको कक्षा | सामुदायिक संस्थागत | कैफियत |
|---|---|---|---|---|---|
| १. | जनशक्ती नमूना भिमप्रसाद गोमाता न्यौपाने आ.वि. बुटवल-१७ | कक्षा ७ | कक्षा ८ | सामुदायिक | अनुमति |
| २. | मायादेवी जनजागृति आ.वि., बुटवल-११ | कक्षा ४ | कक्षा ५ | सामुदायिक | अनुमति |
| ३. | सैनिक आवासीय महाविद्यालय, बुटवल-०३ | कक्षा-९ | कक्षा १० | संस्थागत शैक्षिक गुठी | कार्यपालिकामा सिफारिस |
| ४. | गौरव विगिनर्स वल्ड बुटवल- १२ | कक्षा २ | कक्षा ३ | संस्थागत | अनुमति |

ङ) शिक्षक दरबन्दी मिलान सम्बन्धी नगर शिक्षा समितिको निर्णय कार्यान्वयनको क्रममा दुर्गा भवानी आधारभूत विद्यालय बुटवल-१५ लाई प्राथमिक तहको स्वीकृत दरबन्दी प्रदान गरी त्यहाँ रहेको सोही तहको राहत अनुदान कोटालाई अन्य विद्यालयमा सार्ने । साथै सहिद स्मृति आधारभूत विद्यालय बुटवल

११ लाई प्राथमिक तहको राहत वा नगर अनुदान कोटा उपलब्ध गराउने निर्णय भएकोमा कार्यान्वयनका क्रममा उक्त विद्यालयमा स्वीकृत दरबन्दीको शिक्षक सरुवाद्वारा व्यवस्थापन गरिएकोले तहाँ कार्यरत प्र.अ. श्री प्रकाश गौतम मिति २०८२/१२/२२ गते देखि सेवा निवृत हुने भएकोले निजको सेवा निवृति पश्चात त्यहाँ रिक्त हुने प्राथमिक तहको स्वीकृत दरबन्दीलाई दुर्गा भवानी आधारभूत विद्यालयमा सार्ने र दुर्गा भवानी आ.वि बुटवल-१५ को राहत अनुदान कोटालाई सहित स्मृति आ.वि.मा सार्ने निर्णय गरियो।

च) त्रिभुवन विश्वविद्यालय, अमृत क्याम्पस MSC 4th Semester मा अध्ययनरत बुटबल उपमहानगरपालिका वडा नं. १३ बस्ने श्री मोनीका पाण्डेले **Role of Forest Canopy cover in forest structure and Plant invasion in Riverine forest Chitwan Nepal** शीर्षकमा सोधपत्र तयार गर्ने कार्यका लागि आर्थिक सहयोग माग गरेकाले निजलाई शैक्षिक विकास कोषवाट रु ५००००/- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

छ) बुटवल उपमहानगरपालिका वडा नं. ०३ स्थित लक्ष्मीनारायण मन्दिर परिसरमा बुटवल संरक्षक समूहद्वारा संचालित दिवा स्याहार केन्द्रमा रहेका बालवालिकाहरुको व्यवस्थापन तथा शिक्षाका लागि स्रोत कक्षा संचालन गर्न आवश्यक भएकोले यसको हालको अवस्था अध्ययन गरी बजेट तथा व्यवस्थापनको खाका सहितको प्रतिवेदन तयार गर्न देहायको अध्ययन कार्यदल गठन गरी जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल;

१. संयोजक – श्री टिकराम शर्मा पौडयाल

२. सदस्य – श्री प्रेम पौडेल

३. सदस्य – श्री मधु सुधन बेल्वासे

ज) यस बुटवल उपमहानगरपालिका वडा नं ६ अन्तर्गत संचालित साधना महिला विद्यालयले आधारभूत तहमा २ वटा मात्र दरबन्दी रहेको र विद्यालयको पठनपाठनमा कठिन भएको व्यहोरा उल्लेख गरी निम्न माध्यमिक तहको नगर अनुदान शिक्षक माग गरेकोले माग बमोजिम सो विद्यालयलाई निम्न माध्यमिक तह नगर अनुदान कोटा १ उपलब्ध गराउने निर्णय गरियो ।

झ) देहायका विषयहरुमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

- यस कार्यालयको मिति २०८२/१०/२५ को निर्णय अनुसार श्री जनता माध्यमिक विद्यालय बुटवल- ८ को विद्यालय भवनको सिंडी तथा बरण्डा मर्मत कार्यको लागि रु ५,००,३५२.३६ अनुदान दिने गरि भएको निर्णय ।
- कक्षा १-५ को स्थानीय पाठ्यपुस्तक परिमार्जन गर्नुपर्ने भएकोले विज्ञ लेखक छनौट समितिको सिफारिस अनुसार देहायअनुसारको कार्यदल गठन गरी कक्षा १-५ को पाठ्यपुस्तक (हाम्रो बुटवल) लेखनका लागि जिम्मेवारी दिने।

संयोजक - डा. शालिकराम पौंडयाल

सदस्य – श्री प्रेम प्रसाद तिवारी

सदस्य – श्री खिमानन्द भण्डारी

सदस्य – श्री गोविन्द ज्ञवाली

सदस्य – श्री बसुन्धरा भुसाल

- शै.स. २०८३ देखि सामुदायिक तथा संस्थागत विद्यालयहरुमा परिमार्जित स्थानीय पाठ्यक्रम हाम्रो बुटवल अनुसार पठनपाठन गराउने र कक्षा ६-८ को पाठ्यपुस्तक तयार नहुन्जेल सम्मका लागि पाठ्यक्रममै आधारित रहेर पठनपाठन गराउने।
- बुटवल उपमहानगरपालिकामा स्थानीय पाठ्यक्रम "हाम्रो बुटवल" अनुसार पाठ्यपुस्तक लेखनका लागि विज्ञ छनौट भई प्रक्रिया अगाडि बढेकोमा लेखन कार्यलाई समन्वय र सहजिकरण कार्यका लागि तपसिल अनुसारको पाठ्यक्रम लेखन संयोजन समिति गठन गर्ने।

संयोजक – टिकराम शर्मा पौडयाल (स्थानीय पाठ्यक्रम निर्माण कार्यदल संयोजक)

सदस्य – तारा ज्ञवाली (उप प्राध्यापक, सिद्धार्थ गौतमबुद्ध क्याम्पस)

सदस्य – हरी प्रसाद रेग्मी (पूर्व शिक्षक)

**प्रस्ताव नं. १०.७**

प्यान दर्ता सेवा प्रवाह सम्बन्धमा ।

**निर्णय नं. १०.७**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।०७।१७ को निर्णय तथा आन्तरिक राजस्व विभागबाट स्वीकृत कार्य सञ्चालन कार्यविधि (SOP) र समझदारी पत्र (MOU) बमोजिम बुटवल

उपमहानगरपालिकाबाट प्यान दर्ता तथा सम्बन्धित सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने र उक्त कार्य सञ्चालनका लागि आन्तरिक राजस्व विभागसँग समझदारी पत्र (MOU) सम्पन्न गरी आवश्यक प्रशासनिक, प्राविधिक तथा सहजीकरणका कार्यहरू अगाडि बढाउन स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०.८**
बुटवल उपमहानगरपालिकाको राजस्व परामर्श समितिको मिति २०८२।०८।१६ र २०८२।११।०४ मा बसेको वैठकबाट भएका निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १०.८**

क) बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेका हाटबजार सपिङ्ग कम्प्लेक्सका सटर नं १०२ र १०३ तिनाउँ गाउँपालिका पाल्पाले कृषिउपज बजारीकरणका लागि बहाल सम्झौता गरि प्रयोग गर्दै आइरहेकोमा मिति २०८२ असार मसान्तमा सम्झौताको म्याद सकिएको र तिनाउँ गाउँपालिका पाल्पाले सम्झौता नवीकरणका लागि निवेदन पेश गरेकाले साविकको बहाल रकम प्रतिसटर रु. १००००।- बहालमा ५ प्रतिशतले बृद्धि गरि प्रतिसटर रु. १०५००।-का दरले वहाल लाग्ने गरि पुनः १ वर्ष सम्झौता नवीकरणका लागि मिति २०८२।०८।१६ मा वसेको राजस्व परामर्श समितिको वैठकबाट सिफारिस भई आएको हुँदा परामर्श समितिको निर्णय बमोजिमको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

ख) बुटवल उपमहानगरपालिका क्षेत्र भित्र कवाडीजन्य सामग्री संकलन तथा निकासीको लागि आयठेक्का मार्फत न्यूनतम कबोल अंक रु ७७,८५,६०२।-(सतहत्तर लाख पचासी हजार छ सय दुइ रुपैया मात्र)राखी अनलाइन मार्फत तीनपटक (पहिलो पटक मिति २०८२/०८/२९, दोस्रो पटक मिति २०८२/१०/०७ र तेस्रो पटक २०८२/१०/२३) सम्म टेण्डर आह्वान गर्दा समेत बोलपत्र पेश नभएकाले बुटवल उपमहानगरपालिका आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी नियमावली, २०७६ परिच्छेद-२, नियम ३, उपनियम (ञ) बमोजिम कवाडीजन्य सामग्री संकलन तथा निकासीको न्यूनतम अंकको ५ प्रतिशत कम गरि वार्षिक रु ७३,९६,३२२।-(त्रीहत्तर लाख छयानब्वे हजार तीन सय बाइस रुपैया मात्र) कायम गर्न बुटवल उपमहानगरपालिकाको राजस्व परामर्श समितिको मिति २०८२।११।०४ मा बसेको वैठकबाट सिफारिस भई आएको हुँदा परामर्श समितिको सिफारिस बमोजिम हुने गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १०.९**
अनुमोदन सम्बन्धमा ।

निर्णय नं. १०.९

नदीजन्य पदार्थ जिल्ला अनुगमन समितिको मिति २०८२।६।२३ गतेको बैठकको निर्णय नं. ८ बमोजिम हुने गरी मिति २०८२।१२।१७ गते जिल्ला समन्वय समितिका प्रमुखसहित बसेको बुटबल उपमहानगरपालिका र तिलोत्तमा नगरपालिकाको संयुक्त बैठकबाट दुवै पालिकाको सीमानामा रहेको तिनाउँ नदीबाट सालबसाली रूपमा नदीजन्य पदार्थ उत्खनन् गरी राजस्व व्यवस्थापन गर्ने कार्यका लागि भएको देहाय बमोजिमको सहमति अनुमोदन गर्ने निर्णय गरियो ।

१.उत्खनन् गरिने क्षेत्रको विभाजन र नामाकरण देहाय बमोजिम हुने ।

(क) मगरघाट क्षेत्रः बुटबलतर्फ वडा नं. १७ र तिलोत्तमातर्फ वडा नं. ३

(ख) डिंगरनगर/हरिहरपुरघाट उत्तर क्षेत्रः बुटबलतर्फ वडा नं. १७ र तिलोत्तमातर्फ वडा नं. ४

(ग) डिंगरनगर/हरिहरपुरघाट दक्षिण क्षेत्रः बुटवलतर्फ वडा नं. १७ र तिलोत्तमातर्फ वडा नं. ४

(घ) गोरकट्टा/धन्दापुर घाटक्षेत्रः बुटवलतर्फ वडा नं. १८ र तिलोत्तमातर्फ वडा नं. ६

(ङ) हरपुर/सौरहिया घाटक्षेत्रः बुटबलतर्फ वडा नं. १८ र तिलोत्तमातर्फ वडा नं. ६

२. उल्लिखित घाट क्षेत्र मध्ये आर्थिक वर्ष २०८२।०८३ का लागि क्रम सङ्ख्या (क) र (ख) मा बुटबल उपमहानगरपालिका र (ग) र (घ) मा तिलोत्तमा नगरपालिकाले नदीजन्य पदार्थ उत्खनन्, संकलन, बिक्री र व्यवस्थापन सम्वन्धी कार्य गर्ने । क्रम सङ्ख्या (ङ) को हकमा चालु आर्थिक वर्षमा उत्खनन्को कार्य नगर्ने ।

३. आगामी आर्थिक वर्ष २०८३।०८४ देखि प्रत्येक आर्थिक वर्ष उपरोक्त घाटक्षेत्रहरूमा दुबै पालिकाले आलोपालो प्रणाली (चालु आर्थिक वर्षमा तिलोत्तमा नगरपालिकाबाट व्यवस्थापन भएको नदीघाट क्षेत्र आगामी आर्थिक वर्षमा बुटबल उपमहानगरपालिकाबाट र चालु आर्थिक वर्षमा बुटबल उपमहानगरपालिकावाट व्यवस्थापन भएको नदीघाट क्षेत्र आगामी आर्थिक वर्षमा तिलोत्तमा नगरपालिकाबाट हुनेगरी) अनुसार नदीजन्य पदार्थ उत्खनन्, संकलन, बिक्री र व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

४. निर्णय नं. ३ बमोजिम आलोपालो प्रणालीबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन, बिक्री र व्यवस्थापन सम्बन्धी कार्य गर्दा प्राप्त हुने राजस्वमध्ये नदीजन्य पदार्थ उत्खनन्, संकलन, बिक्री र व्यवस्थापन सम्बन्धी कार्य गर्ने पालिकाले प्रशासनिक खर्च बापत पाँच प्रतिशत रकम कट्टा गरी बाँकी हुन आउने रकमलाई शत प्रतिशत मानी प्रत्येक पालिकाले पचास/पचास प्रतिशत प्राप्त गर्ने गरी सम्बन्धित बोलपत्रदातामार्फत सम्बन्धित पालिकाको विभाज्य कोष खातामा जम्मा गर्ने व्यवस्था मिलाउने ।

५. यसरी नदीजन्य पदार्थको उत्खनन्, संकलन, बिक्री र व्यवस्थापन गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नुपर्दा चालु आर्थिक वर्ष २०८२।०८३ को हकमा दुवै पालिकाका प्राविधिक र जिल्ला समन्वय समितिको ईन्जिनियरको सिफारिसमा दुवै पालिकाको कार्यपालिका बैठकबाट स्वीकृत गरी नदीजन्य पदार्थको उत्खनन्, संकलन, बिक्री र व्यवस्थापनको कार्य गर्ने। आगामी आर्थिक वर्ष २०८३।०८४ देखि क्रमशःउत्खनन्, संकलन, विक्री र व्यवस्थापनको कार्य गर्ने पालिकाले नै प्रारम्भिक वातावरणीय परीक्षण (IEE)गराई सोको प्रतिवेदन दुवै पालिकाको कार्यपालिका बैठकबाट स्वीकृत गराई नदीजन्य पदार्थको उत्खनन्, संकलन, बिक्री र व्यवस्थापनको कार्य गर्ने ।

६. प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्य सम्पन्न गरी माघ १५ गतेभित्र नदीजन्य पदार्थको उत्खनन्, संकलन, विक्री र व्यवस्थापन सम्बन्धी कार्यको प्रक्रिया आरम्भ गर्ने ।

७. नदीजन्य पदार्थ उत्खनन्, संकलन, बिक्री र व्यवस्थापन सम्बन्धमा अर्को निर्णय नभएसम्मका लागि उल्लिखित सहमति अनुसार कार्य गर्ने ।

**प्रस्ताव नं. १०.१०**

बुटवल-१ स्थित शिव र हनुमान मन्दिरको जग्गा खिचोला सम्बन्धमा राय सुझाव दिनका लागि गठित कार्यदलबाट प्राप्त प्रतिवेदन सम्बन्धमा ।

**निर्णय नं. १०.१०**

बुटवल उपमहानगरपालिका वडा नं. १ स्थित शिव र हनुमान मन्दिरकोपुजारी भीमनाथ शर्मा बादी भई जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिकाको कार्यालय समेतलाई प्रतिवादी बनाई श्री रुपन्देही जिल्ला अदालतमा सार्वजनिक जग्गा खिचोला विषयको फैसला कार्यान्वयन सन्दर्भमा भिमनाथ शर्माले दिएको निवेदन तथा जितगढी किल्लाको साविकको जग्गा र हालको अवस्था समेतको विश्लेषण सहित मेलमिलापको लागि ३० दिन भित्र उपयुक्त राय सुझाव सहित प्रतिवेदन पेश गर्नका लागि मिति २०८२।१०।१४ गते बसेको नगरकार्यपालिकाको सौंयौं वैठकको निर्णय नं. ७.५.१ बाट मेलमिलाप केन्द्रका संयोजक श्री केशवराज पन्थी सहित ५ जनाको कार्यदल गठन गरिएकोमा निजहरुबाट मिति २०८२।१२।११ मा प्राप्त हुन आएको द.नं. १०२३५ को प्रतिवेदन आजको वैठकमा पेश भई जानकारी लिईयो । यस विषयमा थप छलफल र प्रकिया अवलम्बन गरी पेश गर्न कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १०.११**

जन्मदर्ता रद्द गर्नका लागि सिफारिस गर्ने सम्बन्धमा ।

निर्णय नं. १०.११

बुटवल उपमहानगरपालिका वडा नं ४ अस्थायी रुपमा बसोबास गर्ने बुद्धि प्रसाद श्रेष्ठको छोरी खुस्बु श्रेष्ठले मिति २०७३।१२।०७ गते आफ्नै स्थायी ठेगाना रैनादेवी छहरा गाउँपालिका वडा नं ३, पाल्पा बाट सूचक आमा सुनिता श्रेष्ठले जन्म दर्ता नं २०७१०६१८०८१३४ को जन्मदर्ता गराउनु भएको । सोही व्यक्तिलाई मिति २०८१।०१।०६ गते टोम कली श्रेष्ठ शाक्य फुपु सूचक भई बुटवल उपमहानगरपालिका वडा नं ४ मा बाबु केशवमान शाक्य (फुपाजु) र आमा टोमकली श्रेष्ठ शाक्य (फुपु) राखी जन्म दर्ता नं २०७१०६१८०७३७५ को जन्मदर्ता फुपुले आफ्नो छोरी भनी जन्मदर्ता गराएको देखिन आएकोले राष्ट्रिय परिचयपत्र तथा पंञ्जीकरण ऐन, २०७६ को दफा १८ र राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ को दफा २४ अनुसार व्यक्तिले झुट्टा विवरण दाखिल गरी जन्म दर्ताको प्रमाणपत्र लिएको हुदाँ, मिति २०८१।०१।०६ गतेको दर्ता नं. २०७१०६१८०७३७५ को जन्म दर्तालाई रद्द गर्न वडा कार्यालयको सरजमिन मुचुल्का, वडा समितिको निर्णय एवम सिफारिस समेत पेश हुन आएकाले, उक्त जन्मदर्ता रद्द प्रक्रियाका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १८ र २४ अनुसार, व्यक्तिले झुट्टा विवरण दाखिल गरी जन्मदर्ताको प्रमाणपत्र लिएकोले मिति २०८१।०१।०६ को दर्ता नं. २०७१०६१८०७३७५ को जन्म दर्तालाई रद्द गर्न प्रमुख जिल्ला अधिकारी रुपन्देही समक्ष सिफारिस गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १०.१२
वडाबाट प्राप्त, नगरका र विभिन्न शाखाहरुबाट प्राप्त आयोजनाहरु स्वीकृतिका लागि लुम्बिनी प्रदेश सरकार र सङ्घीय सरकारमा अनुरोध गरी पठाउने सम्बन्धमा ।

निर्णय नं. १०.१२

यस बुटवल उपमहानगरपालिकाले सम्पादन एवं कार्यान्वयन गर्नु पर्ने तर सिमित स्रोत र साधनका कारण कार्यान्वयन गर्न सम्भव नभएका वडाबाट प्राप्त, नगरका र विभिन्न शाखाहरुबाट प्राप्त आयोजनाहरु स्वीकृतिका लागि लुम्बिनी प्रदेश सरकार र सङ्घीय सरकारका सम्बन्धित निकायहरुमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. १०.१३
वडा प्रहरी कार्यालयको स्थापनाका लागि अनुरोध गर्ने सम्बन्धमा ।

निर्णय नं. १०.१३

यस बुटवल उपमहानगरपालिका अन्तर्गतका १९ वटा वडा कार्यालयहरुमध्ये दक्षिण पश्चिम तर्फ रहेका वडा नं. १७, १८ र १९ का क्षेत्रमा वडा प्रहरी कार्यालय नहुदा त्यस क्षेत्रका वासिन्दाहरुलाई सुरक्षाको अनुभुति हुन नसकेको र जनघनत्व र भुगोलका हिसाबले पनि नगरबाट टाढा रहेका वडाहरुको शान्ति सुरक्षाको अवस्थालाई मध्यनजर राखी यस बुटवल उपमहानगरपालिका अन्तर्गत रहेको वडा नं. १७ मा एउटा वडा प्रहरी कार्यालय स्थापना गर्न समयको माग र आवश्यक समेत भएको हुँदा वडा प्रहरी कार्यालय स्थापनाका लागि सङ्घीय सरकारका सरोकारवाला निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. १०.१४
विविध।

प्रस्ताव नं. १०.१४.१

एक पालिका, एक चिस्यान केन्द्र स्थापना सम्बन्धमा ।

निर्णय नं. १०.१४.१

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३३१ मिति २०८२।१२।१७ गतेको पत्र मार्फत जानकारी भई नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय बजेट तथा कार्यक्रम शाखाको पत्रानुसार नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।१२।१३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी सय कार्यसूचीको बुँदा नं. ९० (ख) मा समावेश भएको कृषि उपजको भण्डारण तथा बजारीकरण सुधारका लागि एक पालिका, एक चिस्यान केन्द्र कार्यक्रम प्रारम्भ गर्ने विषयमा यस पालिकामा निजी क्षेत्र/सहकारीको साझेदारीमा १००० मे.टन क्षमताको चिस्यान केन्द्र निर्माण कार्यका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा कार्यक्रम माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १०.१४.२

कृषि हाटबजार सम्बन्धमा ।

निर्णय नं. १०.१४.२

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को निर्णय तथा शासकीय सुधार कार्यसूचीको बुँदा नं. १० (ख) को कार्यान्वयनका सन्दर्भमा बुटवल उपमहानगरपालिका भित्र सञ्चालनमा रहेका स्थापित

९ वटा कृषि हाटबजारहरू रहेका छन् । जीर्ण पूर्वाधार मर्मत, सरसफाई व्यवस्थापन तथा सञ्चालनमा निरन्तरता कायम गर्न आवश्यक विभिन्न वडाहरुमा संचालित हाटबजारमा कुल २२३४ स्टल संख्या रहि नियमित हाटबजार संचालनमा रहेको, यसको दिगो संचालनका लागि मर्मतसंभार आवश्यक भएको र यसका लागि बजेट अभाव भएकाले वडा नं. ५ स्थित हाटबजारमा रहेको शौचालय निर्माण तथा मर्मत सम्भारकालागि रु ६ करोड र बुटवल उपमहानगरपालिका वडा नं. ७ स्थित दीपनगरमा शौचालय निर्माण तथा मर्मत सम्भारका लागि रु. ४ करोड आवश्यक बजेट कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा विनियोजनका लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १०.१४.३**

**अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं. १०.१४.३**

मगर दिवसको अवसरमा मिति २०८२।११।१५ गते शुक्रवार १ दिनको लागि यस बुटवल उपमहानगरपालिका अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु एवं शिक्षण संस्थाहरुमा समेत स्थानीय सार्वजनिक विदा गरिएको हुँदा नगरप्रमुखस्तरीय निर्णयबाट भएको उक्त विदा अनुमोदन सम्बन्धी निर्णय अनुमोदन गरियो ।

**प्रस्ताव नं. १०.१४.४**

**बजेट व्यवस्था सम्बन्धमा ।**

**निर्णय नं. १०.१४.४**

बुटवल उपमहानगरपालिका वडा नं. १२ र १३ का बासिन्दाहरुलाई सुरक्षा दिने उद्देश्यले घर बहालमा लिई स्थापना गरिएको नयाँगाँउ प्रहरी चौकीको बहाल रकम विगत वर्षहरुमा वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने गरिएकोमा चालु आ.ब. २०८२।०८३ मा उक्त बहाल रकमको लागि बजेट शीर्षक छुट हुन गएको हुँदा मासिक बहाल रकम रु ४० हजारका दरले हुने वार्षिक रकम रु ४ लाख ८० हजार वार्षिक बजेट पुस्तिकाको सि.नं. ७९० घर भाडा अन्य शीर्षकबाट बजेट व्यवस्थापन गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने र सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १०.१४.५

जानकारी सम्बन्धमा ।

निर्णय नं. १०.१४.५

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको नायब सुब्बा पदमा मिति २०५६।०८।१९ मा नियुक्ति भएका र मिति २०६९।१०।०१ मा अधिकृत छैटौ तहमा बढुवा भएका भरत कुमार काउचा २०७५।९।९ गते देखि निलम्बनमा परि सर्वोच्च अदालतको मिति २०८२।३।१० गतेको फैसलाबाट सफाई पाउने ठहर भई आदेश प्राप्त हुन आएको । निजको मिति २०७९।४।४ मा ५८ वर्ष पुरा भएको निजको नागरिकता प्रमाणपत्रबाट खुल्न आएको हुँदा मिति २०७५।९।११ देखि निलम्बनमा परी मिति २०७५।९।१६ को निर्णयले कार्यालयबाट निलम्बन गरेको व्यहोरा आजको बैठकमा जानकारी भयो । पेश भए बमोजिम निजको निलम्बन फुकुवा गरी सम्मानित सर्वोच्च अदालतबाट फैसला आदेश समेत भएको हुँदा आदेश बमोजिम नियमानुसारको सुविधा उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. १०.१४.६

सेवाकालीन तालिम सम्बन्धी निर्णय अनुमोदन सम्बन्धमा ।

निर्णय नं. १०.१४.६

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा कार्यरत सातौं र आठौं तहका कर्मचारीहरुलाई सेवाकालीन तालिम संचालन गर्ने गरी मिति २०८२।९।२१ मा भएको नगरप्रमुखस्तरीय निर्णय र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेल, ललितपुरमा कार्यालयको च.नं. ४७४ मिति २०८२।१०।२० को पत्रबाट प्राप्त स्टीमेट बमोजिम हुने गरी तालिम संचालनका लागि मिति २०८२।१०।२३ मा प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयबाट भएको निर्णय समेत स्वीकृत एवं अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १०.१४.७

रुख कटान अनुमति सम्बन्धमा ।

**निर्णय नं. १०.१४.७**

बुटवल उपमहानगरपालिका वडा नं. ९ स्थित लुम्बिनी बस टर्मिनल हाताभित्र निर्माण हुन लागेको आधुनिक बहुतल्ले कार पार्किङ्ग भवन बसपार्कको दक्षिण-पश्चिम क्षेत्रबाट उत्तर तर्फ हाल टिकट काउन्टर भएको स्थानमा स्थानान्तरण गर्ने निर्णय यस अगावै भएको र सो स्थानमा रहेको टिकट काउन्टर, बस पार्किङ्ग ल्यान लगायतका अन्य पूर्वाधारहरु समेत आंशिक रुपमा विस्थापित गर्नु पर्ने भएकाले प्राप्त अध्ययन प्रतिवेदन बमोजिम उक्त संरचनाहरु सहितको पूर्वाधारहरु दक्षिण तर्फ हाल रुख-बुट्यान तथा प्रयोग विहिन अवस्थामा रहेको करिब १०१५०.०० वर्गमिटर जग्गामा विस्तार गर्ने तथा सोको लागि उक्त स्थानमा रहेका रुख-बुट्यान कटान गर्नको लागि सम्बन्धित निकायबाट स्वीकृति लिनका लागि आवश्यक प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १०.१४.८**

भवन निर्माण सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत सम्बन्धमा ।

**निर्णय नं. १०.१४.८**

बढ्दो जनसंख्या र अत्याधिक शहरीकरणको कारण जग्गा बढ्न सक्ने अवस्था नरहेकोले भवन निर्माण प्रकियालाई नियमन गरी स्वच्छ, स्वस्थ, दिगो शहरी वातावरण निर्माण, भूमि सु-व्यवस्थित ढङ्गले उपयोग गर्न, भुकम्पिय क्षतिको न्युनिकरण, संरक्षित क्षेत्रको विकास, उपमहानगरपालिबासीहरुको गोप्यता र सुरक्षा साथै योजनाबद्ध पूर्वाधारको विकासको लागि समय सापेक्षित आवश्यक्तानुसार भवन मापदण्डमा थपघट गरी नगरलाई व्यवस्थित एवं सौन्दर्यीकरण गर्न भवन निर्माण सम्बन्धी मापदण्ड, २०७७ मा घर नक्शा पास प्रकृया सहज र सरल बनाउने विषयमा नगरकार्यपालिकाको मिति २०८२।०७।०२ मा बसेको नगरकार्यपालिकाको बैठकको निर्णय नं. ३.७.५ बाट गठित भवन मापदण्ड संशोधनका लागि अध्ययन गरी राय सुझाव दिन वडा नं. ५ का वडा अध्यक्ष श्री हरि प्रसाद श्रेष्ठको अध्यक्षतामा ७ सदस्यीय कार्यदलको मिति २०८२।१२।०१ गते बसेको बैठकबाट सिफारिस भए अनुरसारको भवन निर्माण सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०.१४.९**

कार्यदल गठन गर्ने सम्बन्धमा ।

निर्णय नं. १०.१४.९

आगामी २०८३ वैशाख ७ गतेका दिनमा बुटवल उपमहानगरपालिकाले विगत देखि मनाउदै आएको जितगढी विजयउत्सव दिवसलाई भव्य र सभ्य रुपमा मनाउनका लागि सो सम्बन्धी आवश्यक कार्यदल गठन गर्ने निर्णय गरियो ।

- प्रमुख प्रशासकीय अधिकृत - संयोजक
- प्रशासन महाशाखा प्रमुख- सदस्य
- रुक्मागत बस्याल, अधिकृतस्तर आठौं तह (प्रा) - सदस्य
- प्रकाश पौडेल, अधिकृतस्तर सातौं तह (लेखा) - सदस्य
- संगिता अर्याल, अधिकृतस्तर सातौं तह - सदस्य
- ठगिश्वर पोखरेल, अधिकृतस्तर सातौं तह - सदस्य

प्रस्ताव नं. १०.१४.१०

अनुमति सम्बन्धमा ।-

निर्णय नं. १०.१४.१०

नियोन हस्पिटल प्रा.लि बुटवल-६, रुपन्देहीको मिति २०८२।१२।१५ गतेको निवेदनबाट २५ शैयाको हस्पिटल स्थापनाको लागि लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) दाङ्ग लाई सिफारिस गरिदिन भनि माग भएको हुँदा प्रचलित कानून बमोजिम आवश्यक मापदण्ड पुरा भएकी अवस्थामा मात्र अनुमति अगाडि बढाउन लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) दाङ्गलाई सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १०.१४.११

अध्ययन बिदा सम्बन्धमा ।

निर्णय नं. १०.१४.११

यस बुटवल उपमहानगरपालिकाको अस्पताल नर्सिङ्ग निरीक्षक स्वास्थ्य समुह, नर्सिङ्ग उपसमुह अधिकृतस्तर छैटौं तहमा कामकाजमा खटिई आउनु भई कार्यरत क.सं.नं. २२२११० का रन्जु क्षेत्रीले चिकित्सक शिक्षा आयोगको मिति २०८२।१०।२४ गते लिएको परीक्षामा सफल भई नेपाल सरकारको छात्रवृति कोटा अन्तर्गत नेपाल आर्मी इन्स्टिच्युट अफ हेल्थ साईन्समा अध्ययन गर्नका लागि मिति

स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ६० को उपदफा ५ बमोजिम मिति २०८३।१।१० देखि २०८५।१।१० सम्म २ वर्षको अध्ययन बिदा (वेतलबी) स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी) मा सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १०.१४.१२

नेपाल सरकारको नाममा दर्ता श्रेष्ता कायम सम्बन्धमा ।

निर्णय नं. १०.१४.१२

बुटवल उपमहानगरपालिका वडा नं. १२ साविक सेमलार न.नं २ ङ कि.नं. १७८२, १७९२ क्षेत्रफल ९-१६-९.१२, ४-०-० जग्गाको यस कार्यालयबाट च.नं. ३२१६ मिति २०८१।११।०१ का पत्रबाट दर्ता श्रेष्ता उतार माग गरिएको भन्ने बुझिएको हुँदा उल्लेखित न.नं.२ ङ कि.नं. १७८२ र १७९२ को जग्गा नेपाल सरकारको नाममा दर्ता श्रेष्ता कायम हुनका लागि आवश्यक प्रकिया अगाडि बढाउन मालपोत कार्यालय, बुटवलमा लेखि पठाउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो।

2081/12/20